गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश अस्पताल**
गोरखा, नेपाल

फोन नं. ०६४-४२०९१८
फ्याक्स : ०६४-४२०९१८
इमेल :
docgorkhahospital@gmail.com

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रदेश अस्पताल गोरखा, नेपाल

पत्र संख्या:- ०८२/०८३
चलानी नं -:.

मिति: २०८२/०९/३०

## करारमा पदपुर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०९।३०

यस प्रदेश अस्पताल, गोरखामा रिक्त रहेको तपशिल बमोजिमका पदहरुमा स्थायी समायोजन वा अन्य प्रक्रियाबाट पदपुर्ति भई आएमा स्वतः करार अवधी समाप्त हुने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदबारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र वा सो दिन सार्वजनिक विदा परेमा सोही लगतै कार्यालय खुलेको पहिलो दिन सम्म दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह / श्रेणी | न्युनतम शैक्षिक योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्र.३/०८२-८३ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तिर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | २ | स्वीकृत दरवन्दी करार |
| २. | प्र.४/०८२-८३ | स्टाफ नर्स | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | प्रदेश कार्यक्रम करार |
| ४. | अ.व्य.स ३/०८२-८३ | फार्मेसी सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | अस्पताल व्यवस्थापन समिति अन्तर्गत |
| ५. | अ.व्य.स ४/०८२-८३ | फिजियोथेरापी सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | |

**तपशिलः**

१. दरखास्त फारामः- यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध गराइने छ । साथै प्रदेश अस्पताल, गोरखाको वेभसाइट gorkhahospital.gov.np वा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेवसाईट mohp.gandaki.gov.np मा डाउनलोडमा गई डाउनलोड गरि दरखास्त फाराम संग संलग्न गर्नु पर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ।

२. पेश गर्नुपर्ने कागजात:- उमेद्वारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, म्याद कायम रहेको/ नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि र परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्ने। साथै अन्तरवार्ताको दिन सबै प्रमाणपत्रको सक्कल प्रति लिई उपस्थित हुनुपर्ने छ।

३. परिक्षा दस्तुर :- आठौं तहको लागि रु १२००/- (एक हजार दुई सय) र पाँचौं तहको लागि रु ७००/- (सात सय)।

४. परिक्षा दस्तुर जम्मा गर्नको लागि
राजस्व शिर्षक नं. १४२२४ (परिक्षा शुल्क), कार्यालयको नाम:- प्रदेश अस्पताल,गोरखा। कार्यालयको कोड:- ३७००१३६०१४, बैंक :- राष्ट्रिय वाणिज्य बैंक

५. उम्मेदवार हुनको लागि योग्यता
क) नेपाली नागरिक हुनुपर्नेछ।
ख) भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।
ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ।

- तलवः- प्रदेश करारको हकमा गण्डकी प्रदेश सरकारको प्रचलित नियमानुसार र अस्पताल व्यवस्थापन समिति तर्फको हकमा अस्पताल व्यवस्थापन समितिको नियमानुसार हुनेछ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश अस्पताल**
गोरखा, नेपाल

फोन नं. ०६४-४२०९१८
फ्याक्स : ०६४-४२०९१८
इमेल :
docgorkhahospital@gmail.com

पत्र संख्या:- ०८२ / ०८३
चलानी नं -:.

मिति: २०८२/०९/३०

- दरखास्त साथ पेश गरेको प्रमाणपत्रका प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ।
- दरखास्त दिने अन्तिम मितिः- २०८२/१०/१४ कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन सम्म हुनेछ।
- परिक्षाको किसिमः- अन्तर्वाता तथा प्रयोगात्मक परिक्षा (आवश्यकता अनुसार)।
- अन्तरवार्ता स्थान र मितिः- प्रदेश अस्पताल, गोरखाको सुचना पाटी साथै अस्पतालको वेभसाइटमा पछि प्रकाशित गरिनेछ ।

**नोटः यस सम्बन्धी बिषयमा थप जानकारी लिनुपरेमा अस्पताल प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**

**पदपूर्ति तथा अन्तरवार्ता समिति**